मिति २०७९/१०/२० को का.पा.बैठक नं. १४

प्रस्तावहरुः

१. व्यक्तिगत तथा संस्थागत आर्थिक सहायता विधेयक, २०७९ सम्वन्धमा ।

२. ओमसतिया गाउँपालिकाको बजार अनुगमन निर्देशिका, २०७९ सम्वन्धमा ।

३. संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) सम्वन्धमा ।

४. कानूनी तथा न्यायिक सल्लाहकार नियुक्ति सम्वन्धमा ।

निर्णयहरु

१. ओमसतिया गाउँपालिका अन्तर्गत ऐन, कानुन, कार्यविधि तथा निर्देशिका तर्जुमाका लागि कार्यपालिकाबाट गठित सैद्धान्तिक सहमति कार्यदलले आवश्यक छलफलका लागि पेश गरेको **"व्यक्तिगत तथा संस्थागत आर्थिक सहायता सम्वन्धी कार्यलाई व्यवस्थित गर्न बनेको विधेयक,** २०७९" थप परिमार्जन सहित कार्यपालिकाबाट स्वीकृत गरि स्वीकृतिका लागि आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

२. ओमसतिया गाउँपालिका क्षेत्रमा रहेका स्थानीय बजारहरुलाई व्यवस्थित र नियमन गर्ने कार्यका लागि तयार गरिएको **"ओमसतिया गाउँपालिकाको बजार अनुगमन निर्देशिका,** २०७९" उपर छलफल गरी आवश्यक संशोधन र परिमार्जन सहित स्वीकृतिका लागि पुनः अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (१) मा कर्मचारी समायोजन पश्चात् गाउँपालिकाले आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था रहेको, सोही दफाको उपदफा (८) मा गाउँपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाई सम्वन्धी पदमा बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न नपाउने व्यवस्था रहेको, सोही वमोजिम यस गाउँपालिकाबाट कर्मचारी संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण भई मिति २०७८/०९/२५ को कार्यपालिका बैठकबाट गाउँपालिकाको संगठन संरचना (O& M) स्वीकृत गरि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा स्वीकृतिको लागि पठाउने निर्णय समेत भएको सन्दर्भमा यस गाउँपालिकाको विद्यमान संगटन संरचना, गाउँपालिकाको राजश्व, योजना, प्राविधिक लगायत का विषयगत शाखाको कार्यबोझलाई ध्यानमा राखी उक्त संगटन तथा व्यवस्थापन सर्वेक्षणमा व्यवस्था गरिएको दरवन्दी संरचनामा थप छलफल गरी गाउँपालिकाको दरवन्दी खाका तयार गरी आगामी गाउँसभामा स्वीकृतिका लागि पेश गर्ने ।

४. यस गाउँपालिकामा न्यायिक समितिको सहजीकरण तथा गाउँपालिका संग सम्वन्धित मुद्दा मामिलाहरुको रोहमा प्रतिरक्षा गर्नको लागि कानूनी सल्लाहकार अति आवश्यक परेको र उक्त कार्यको स्थायी ठेगाना मायादेवी -५, कपिलवस्तु बस्ने अधिवक्ता प्रमाण-पत्र नं १०६५६ भएका पंकज कुमार पाण्डेलाई मासिक रु १५०००/- (पन्ध्र हजार) उपलब्ध गराउने गरी सल्लाहकार नियुक्त गर्ने ।

... गौतम ... यादव (सोनु)